गोसाईकुण्ड गाउँपालिका रसुवा

स्थानीय राजपत्र

खण्ड:- ०५   संख्या:- ०२   मिति:- २०८०/३/१०

भाग - १

# गोसाईकुण्ड गाउँपालिकाको विनियोजन ऐन, २०८०

**गोसाईकुण्ड गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा बनेको ऐन**

सभाबाट स्वीकृत मितिः२०८०/०३/१०

**प्रस्तावना:** गोसाईकुण्ड गाउँपालिकाको  आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम **गोसाईकुण्ड गाउँपालिका**को सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “**गोसाईकुण्ड गाउँपालिका**को विनियोजन ऐन, २०८०” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३७,३२,३८,९५२.६६ ( अक्षेरुपी सैंतिस करोड बत्तिस लाख अड्तिस हजार नौ सय बाउन्न पैसा छैसठ्ठी मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त **गोसाईकुण्ड गाउँकार्यपालिका**, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र

ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ रकमान्तर गर्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन ।

तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम रकमान्तर गर्नु परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ । तर पुँजीगत खर्च शीर्षकबाट चालु शीर्षकमा रकमान्तर गर्न सकिने छैन ।

अनुसूची–१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

रु. हजारमा

| क्र.स. | अनुदान संख्या | शीर्षकको नाम | चालुगत खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँपालिका | १२७८४४ | ६७१०० | | १९४९४४ |
| | | संघ सशर्त | ११४००० | २१६०० | | १३५६०० |
| | | संघ समपूरक | | ५००० | | ५००० |
| | | प्रदेश सशर्त | १४९८८ | १२०६ | | १६१९४ |
| | | प्रदेश समपुरक | | १६५०० | | १६५०० |
| | | प्रदेश विशेष अनुदान | | ५००० | | ५००० |
| २ | | ऋणको साँवा व्याज भुक्तानी | | | | |
| ३ | | लगानी (शेयर/ऋण) | | | | |
| | | जम्मा | २५६८३२ | ११६४०६ | | ३७३२३९ |